कार्यपालिका बैठक संख्या -१२८
बैठक मिति -२०७९।११।२६
अध्यक्षता- नगर प्रमुख श्री हेमकर्ण पौडेल

निर्णय नं १

मिति २०७९ फागुन २५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा निर्वाचित हुनु भएका नवनिर्वाचित सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूलाई हार्दिक बधाई दिदैं उहाँको कार्यकालको सफलता पूर्वक सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २

रानी - विराटनगर, किमाथाङ्का सडक आयोजना अन्तर्गत इटहरी खण्डको इटहरीको मुख्य चोकदेखि उत्तर तर्फको सडक आयोजनाको मापदण्ड अनुसार सडक क्षेत्राधिकारभित्र रहेका संरचनाहरु हटाउने निर्णय गरियो ।साथै टेग्रा खोला, खेती खोला र २० वटै वडाभित्रका सार्वजनिक सडक, पैनी, खोला तथा नदिहरु अत्तिक्रमण गरि सडक, पैनी, खोला तथा नदि क्षेत्राधिकारभित्र बनेका संरचनाहरु समेत क्रमश् हटाउने निर्णय गरियो ।

निर्णय नं ३

इटहरी उपमहानगरपालिकाको ११ औं नगरसभावाट पारित विनियोजन विधेयक, २०७९ कार्यन्वयनको क्रममा आइपरेका समस्यालाई समाधान र संबोधन गर्न गराउनका निम्ती विनियोजन विधेयक, २०७९ संसोधन र सोको अनुसूची सहित आगामी १२ औं नगरसभामा पेश गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ४

इटहरी उपमहानगरपालिका वडा नं. ९ मा रहेको वसपार्कको स्तरोन्नती सहित व्यवस्थित गर्नका निम्ती इटहरी उप-महानगरपालिका र शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत नगर विकास कोष काठमाण्डौ विच मिति २०७९।१०।१९ मा भएको ऋण सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं ५

इटहरी उपमहानगरपालिलकाको ११ औं नगरसभा बैठकबाट स्वीकृत वडा स्तरीय योजनाहरु मध्ये सम्बन्धित वडा समितिको सिफारिसका आधारमा देहाय बमोजिमका योजना संसोधन प्रस्ताव १३औं नगर सभामा पेश गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | स्वीकृत योजना | योजनाको प्रकार | विनियोजित वजेट | वडा नं. | संशोधन गरिएको योजनाको नाम | विनियोजित रकम | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल मगर संघ भवनको कम्पाउण्ड वाल तथा गेट निर्माण | नगर | ३००००० | ४ | नेपाल मगर संघ भवनको कम्पाउण्ड वाल तथा गेट निर्माण | ४५०००० | ४ |
| २ | मगर संघको भवन माथी ट्रस लगाउने भेटघाट चोक | वडा | १५०००० | ४ | | | |
| ३ | तामाङ ह्याल्बु समाज जेष्ठ नागरिक भवन जाने बाटोमा टायल लगाउने | वडा | ३००००० | ४ | तामाङ ह्याल्बु समाज जेष्ठ नागरिक भवन जाने बाटोमा रिटेनिङ वाल र माटो भरी ग्राभेल गर्ने | ३००००० | ४ |
| ४ | लक्ष्मी कार्कीको घर जाने बाटोमा ड्रेन निर्माण, पञ्चकन्या टोल | वडा | १५०००० | ४ | लक्ष्मी कार्कीको घर जाने बाटोमा टायल तथा ड्रेन लगाउने, पञ्चकन्या टोल | १५०००० | ४ |
| ५ | इन्द्र बहादुर कार्कीको घर अगाडिबाट उत्तर तथा दक्षिण जाने बाटोमा ड्रेन तथा | वडा | ३५०००० | ४ | इन्द्र बहादुर कार्कीको घर अगाडिबाट उत्तर तथा दक्षिण जाने बाटोमा ड्रेन तथा | ३५०००० | ४ |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | इन्टरलक ब्लक लगाउने, पञ्चकन्या टोल | | | | आर.सी.सी. ढलाने, पञ्चकन्या टोल | | |
| ६ | उमा पार्वती मन्दिरको बाटो प्रोटेक्सन वाल तथा ग्राबेल | वडा | ३००००० | ५ | श्रवन कुमार श्रेष्ठको घर अगाडिको अधुरो बाटोमा इन्टरलक निर्माण | ३००००० | ५ |
| ७ | पृयभूमि टोलमा कल्भर्ट र ग्राभेल | वडा | ३००००० | ८ | पृयभूमि टोलको शिव मार्गमा प्रोटेक्सनवाल तथा ग्राभेल | ३००००० | ८ |
| ८ | हाम्रो टोलको मित्र मार्ग दुवै तर्फ प्रोटेक्सन वाल तथा ग्राभेल र २. साघुरी तथा छत्र मार्ग प्रोटेक्सन वाल तथा ग्राभेल | वडा | ३००००० | ८ | हाम्रो टोलको मित्र, साघुरी र छत्र मार्गमा कल्भर्ट, प्रोटेक्सनवाल र ग्राभेल | ३००००० | ८ |
| ९ | वडाको सडक बत्ती मर्मत तथा ज्याला | वडा | २००००० | ८ | सडक बत्ती मर्मत तथा जडान | २००००० | ८ |
| १० | लोकतान्त्रिक मार्ग अन्तर्गत वलिदान राईको घर पूर्व कल्भर्ट र उत्तर बाटोमा ड्रेन र टायल निर्माण | वडा | ३००००० | ९ | लोकतान्त्रिक मार्ग अन्तर्गत वलिदान राईको घर पूर्व कल्भर्ट र उत्तर बाटोमा प्रोटेक्सन वाल र टायल निर्माण | ३००००० | ९ |
| ११ | प्रगति मार्ग लेखनाथ चौलागाईको घरदेखि पश्चिम बसपार्कको पहिलो बाटोलाई जोड्ने बाटोमा टायल र २ वटा कल्भर्ट निर्माण | वडा | ६००००० | ९ | प्रगति मार्ग, लेखनाथ चौलागाईको घरदेखि पश्चिम बसपार्कको पहिलो बाटोमा २ वटा कल्भर्ट र प्रगति मार्गदेखि रमेशसाहको घरसम्म जाने बाटोमा | ६००००० | ९ |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१,सुनसरी, नेपाल
स्था. २०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रोटेक्सन वाल र टायल निर्माण | | |
| १२ | बि.पि. मार्ग संजय भट्टराईको घर दक्षिण | वडा | ३००००० | ९ | बि.पि. मार्ग संजय भट्टराईको घर दक्षिण टाली लगाउने कार्य | ३००००० | ९ |
| १३ | जुट विकास टोलको बुद्ध मार्गमा टाली | वडा | ७००००० | ९ | जुट विकास टोल स्थित जुट विकास संस्थाको भवन मर्मत तथा ट्रस निर्माण | ७००००० | ९ |
| १४ | रेशम खेतीमा रहेको सिद्धेश्वर मन्दिर व्यवस्थापन | वडा | १००००० | ९ | खेलकुद क्षेत्रलाई सामाग्री वितरण | ३००००० | ९ |
| १५ | खेलकुद क्षेत्रलाई सामाग्री वितरण | वडा | २००००० | ९ | | | |
| १६ | बुद्ध चोक पश्चिमदेखि दक्षिण हुलाकी मार्ग जोड्ने बाटोमा टाली र टोल विकासको भवन र कम्पाउण्ड वाल समेत निर्माण | वडा | ३५०००० | ९ | श्रृँखला जागरण क्लबको भवन निर्माण | २००००० | ९ |
| | | | | | जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि अवलोकन भ्रमण | १५०००० | ९ |
| १७ | भलादमी टोल पश्चिम दक्षिण बाटोमा कल्भर्ट र ड्रेन निर्माण | वडा | ७५०००० | ९ | भलादमी टोल पश्चिम दक्षिण कल्भर्ट र आ.सि.सि. ड्रेन निर्माण | २७५०००० | ९ |
| १८ | भलादमी टोल हुँदै मनकामना मार्ग निर्माण | नगर | ५००००० | ९ | | | |
| १९ | प्रगति चोकदेखि सि.आर.भि. हुँदै वडा नं.८ को सिमानामा | नगर | १५००००० | ९ | | | |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ड्रेन तथा कल्भर्ट निर्माण | | | | | | |
| २० | सुदनको घरेदेखि छेदी सरदारको घरसम्म इन्टरलक ब्लक लगाउने | नगर | १०००००० | १३ | सुदनको घरेदेखि छेदी सरदारको घरसम्म उच्चस्तरीय ग्राभेल | १०००००० | १३ |
| २१ | हरियाली प्रवन्धन कार्यक्रम | वडा | १००००० | १० | होर्डिङ वोर्ड राख्ने | १००००० | १० |
| २२ | डम्पिङ साइड जाने बाटोमा ड्रेन निर्माण | वडा | १५०००० | १० | गोलमतीको घरदेखि पुर्व ड्रेन निर्माण कार्य | १५०००० | १० |
| २३ | गणेश मन्दिर पुर्वका विभिन्न शाखा बाटाहरु ग्रावेल | वडा | १००००० | १० | ललिता चौधरीको घर छेउ प्रोटेक्सनवाल र ग्रावेल कार्य | १००००० | |
| २४ | मुसहरी कल्भर्टदेखि उत्तर पश्चिम बाटाहरु ग्रावेल | वडा | १००००० | १० | वडा कार्यलय छेउमा प्रोटेक्सनवाल र माटो पुर्ने कार्य | १००००० | १० |
| २५ | परीलाल चौधरीको घर पश्चिम जाने बाटो ड्रेन तथा ग्राभेल | वडा | ३००००० | १३ | परीलाल चौधरीको घर उत्तर जाने बाटो ड्रेन तथा ग्राभेल | ३००००० | १३ |
| २६ | प्रगति चौकमा थारु संस्कृति झल्कने प्रतिमा निर्माण | वडा | १००००० | १४ | ह्युम पाइप खरिद | १००००० | १४ |
| २७ | सूचना संचार तथा सार्वजनिक कार्यक्रम | वडा | ५०००० | १५ | विपत व्यवस्थापन | रकम थप ५०००० | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | भवानीपुर साकेला थान रिङ शौचालय निर्माण | वडा | १००००० | १९ | भवानीपुर साकेला थान पुरानो शौचालय मर्मत | १००००० | १९ |
| २९ | भैपरी हुने खर्च | वडा | ४७५००० | ९ | भैपरी हुने खर्च | ६७५००० | ९ |
| ३० | बि.पि.चोक दक्षिण कस्तुरी कलेज जाने बाटोमा कल्भर्ट निर्माण | वडा | २००००० | ९ | | | |

**निर्णय नं ६**

इटहरी उपमहानगरपालिकाको न्यायिक समितिले हालसम्म गरेका कार्य विवरण सहितको प्रतिवेदन १२ औं नगर सभामा प्रस्तुत गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कार्य सम्पादन गर्न गराउन आवश्यक पर्ने कर्मचारीहरु करार, मासिक ज्यालादारीमा पदपूर्ति गर्नका लागि तयार भएको परिक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका जनतालाई स्थानीय स्तरमा नै सेवा प्रदान गर्नका निम्ती इलाका प्रशासन कार्यालय, भूमि व्यवस्था तथा मालपोत कार्यालय र नापी कार्यालय इटहरी क्षेत्रमा कार्यालय स्थापना र सेवा विस्तारका लागी नेपाल सरकार र सो सँग सम्बन्धित निकायमा माग र अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम (CBR) चालु आ.व.०७९/८० को लागी देहाय बमोजिमको कार्यक्रम र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम**

| | | | | |
|---|---|---|---|---|
| ७. | अपांगता रोकथाम तथा पुर्नस्थापना साझेदारी कार्यक्रम | ३४,३०,००० | Folic Acid तथा Calcium वितरण | ३००००० |
| | | | गरिव, दलित र विपन्न र गंभिर किसिमको साथै आर्थिक रुपले कमजोर भएको अपांगता व्यक्तिहरुको उपचार खर्च | २००००० |
| | | | अपांगता भएका व्यक्तिहरुको लागि सहायता सामाग्री वितरण | १६००००० |
| | | | अपांगता भएका व्यक्तिका परिवारलाई निर्वाह खर्च | १५०००० |
| | | | Spinal Injury भएका व्यक्तिहरुद्वारा संचालित तयारी पोशाक Garment लाई सहयोग | २००००० |
| | | | अपांगता भएका व्यक्तिहरुको अवस्थाबारे प्रतिवेदन तयारी, बैठक | ८०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन तथा समिक्षा कार्यक्रम | |
| | | | अपांगता भएका व्यक्तिहरुलाई पोषण सामाग्री वितरण | २००००० |
| | | | मिलिजुली समुहको लागि लेखा व्यवस्थापन तालिम तथा प्रगति समिक्षा कार्यक्रम | १००००० |
| | | | इटहरी-८ मा सञ्चालित सेतो गुराँस स्कुलमा अटिज्म भएको विधार्थीहरुलाई शैक्षिक सामाग्री सहयोग | १००००० |

**निर्णय नं १०**

इटहरी उपमहानगरपालिकाबाट विभिन्न मितिमा स्वीकृत भइ कार्यन्वयनमा केही ऐनहरुलाई समय सापेक्ष आवश्यकता अनुसारको व्यवस्थापन गर्नका निम्ती देहाय बमोजिमको केहि ऐनहरु संसोधन प्रस्ताव र विधयेक आगामी १२ औं नगर सभामा पेश गर्ने सहमती प्रदान गर्ने निर्णय गरियो ।

**देहायः**

१. शिक्षा ऐन, २०७९
२. नगर खेलकुद विकास विधेयक, २०७९
३. वजार अनुगमन ऐन, २०७९

४. रात्री बजार संचालन ऐन, २०७९

५. कर्मचारीको आचार संहिता सम्बन्धि विधेयक, २०७९

६. इटहरी उपमहानगरपालिकाका केहि ऐन संसोधन गर्न वनेको विधेयक, २०७९

<u>निर्णय नं ११</u>

पर्यटकीय गन्तव्यको रुपमा इटहरी २ र ३ मा रहेको तालतलैयालाई इटहरी सरकार मातहतमा ल्याई संचालन, व्यवस्थापन, संरक्षण र सम्बर्द्धन गर्नलाई हाल उक्त क्षेत्र वन उपभोक्ता समिति अन्तर्गत रहेको सो तालतलैया इटहरी उपमहानगरपालिका अन्तर्गत उपलब्ध गराउन संघीय सरकार र सम्बन्धित निकायलाई अनुरोध गर्ने र उपमहानगरपालिका मातहत हस्तान्तरण गर्न सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गरी उक्त कार्यदलबाट प्रतिवेदन प्राप्त भए पश्चात ठोस निर्णय लिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. माधव कोइराला | २ नं. वडा अध्यक्ष | संयोजक |
| २. उमेश सुवेदी | ३ नं. वडा अध्यक्ष | सह संयोजक |
| ३. रत्तन कार्की | १ नं. वडा अध्यक्ष | सदस्य |
| ४. दिवश पोखेल | ६ नं. वडा अध्यक्ष | सदस्य |
| ५. भिमा देवी राई | कार्यपालिका सदस्य | सदस्य |

<u>निर्णय नं १२</u>

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रको फोहोर मैलाको उचित व्यवस्थापनका लागि अध्ययन गर्न मिति २०७९।९।२५ को कार्यपालिकाको बैठकबाट गठित कार्यदलवाट प्राप्त प्रतिवेदन आजको वैठकमा पेश भयो । उक्त प्रतिवेदन पेश गर्न गठित कार्यदललाई धन्यवाद ज्ञापन गर्ने साथै उक्त प्रतिवेदन माथी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १३</u>

इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्वीस सरकारको सहयोगमा संचालन हुने सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को वित्तिय साक्षरता सञ्चालन गर्न देहाय बमोजिमको वडा छनौट गर्ने निर्णय गरियो ।

देहाय

वडा नं. १०, १३, १४ र १५

निर्णय नं १४

इटहरी उपमहानगरपालिकाको वडा नं. १३ बस्ने प्रज्ञा र प्रतिष्ठा लम्सालको दुवै खुट्टा अपाङ्ग भएको र निजहरुको आर्थिक अवस्था कमजोर भएको कारण निजहरुको उपचारको निम्तीको प्रदान गरीएको रु ५०००० (पचास हजार मात्र) आर्थिक सहयोग अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

जे.वि. टुहुरे फाउण्डेशन काठमाण्डौ – १४ ले यस उपमहानगरपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गर्न जग्गाको माग भई आएकोमा सो फाउण्डेशनले गरेका कार्य सहित जग्गा प्राप्तिको लागि हालसम्म भएका कागजातहरु माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

इटहरी उपमहानगरपालिकभित्र सञ्चालित आमसञ्चार माध्यमहरुसँग सहकार्य गरि लोककल्याणकारी सूचना प्रकाशन तथा प्रसारण गर्न एक मापदण्ड तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

पेसागत बचत तथा ऋण सहकारी संस्था लि. इटहरी ६ र किसान कल्याण वचत तथा ऋण सहकारी संस्था लि. इटहरी १६ विच एकीकरणको लागि पेसागत बचत तथा ऋण सहकारी संस्था लि. इटहरी ६ ले सैद्धान्तिक सहमति माग गरे बमोजिम सो सन्दर्भमा छलफल गर्दा उल्लेखित दुई सहकारी संस्थाहरु एकिकरणको लागी पेशागत वचत तथा ऋण सहकारी संस्था लि. लाई सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

इटहरी उपमहानगरपालिकाको राजश्व बृद्धी तथा करको दायारा विस्तार गर्नका निम्ती नगर क्षेत्रभित्रका जग्गा तथा टहरा, गोदाम, सेड, भवन, घर, ग्यारेज, छप्पर, कारखाना वा निर्मित पोखरी, पर्खाल जस्ता स्थायी निर्माण संरचनाको क्षेत्रगत विभाजन गरी निश्चित ढाँचामा न्युनतम सन्दर्भ वहाल मुल्य निर्धारणका निम्ती वहाल रकमको सन्दर्भ मूल्य निर्धारण गर्न घर वाहल ऐन, २०७५ बमोजिम देहाय वमोजिमको सन्दर्भ मुल्य निर्धारण समितिका गठन गर्ने निर्णय गरियो ।

देहायः

(१) संयोजक श्री संगीता कुमारी चौधरी राजश्व परामर्श समिति संयोजक
(२) सदस्य श्री राम चरित्र मेहता प्रमुख प्रशासकीय अधिकृत
(३) सदस्य श्री सम्बन्धित वडाका अध्यक्षहरु
(४) सदस्य श्री उधोग वाणिज्य संघको प्रतिनिधि
(५) सदस्य श्री पोषराज नेपाल विषय विज्ञ
(६) सदस्य श्री शान्तीराम खनाल विषय विज्ञ
(७) सदस्य सचिव श्री राजस्व शाखा प्रमुख

<u>निर्णय नं. १९</u>

इटहरी उपमहानगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा उपलब्ध गराउँदै आएको खाजा खर्च बापतको रकम आगामी २०७९ चैत्र १ गतेदेखि उपलब्ध नगराउने र कर्मचारीलाई १५ प्रतिशत् सेवा सुविधा थप गर्नका लागि प्रचलित कानुनको मान्यतालाई ध्यानमा राखि कार्य गर्ने गरी देहाय बमोजिम कार्यदल गठन गर्ने र कार्यपालिकामा सुझाव सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

देहाय

(१) संयोजक श्री भिमादेवी राई संयोजक, सुशासन तथा संस्थागत विकास समिति
(२) सदस्य श्री तेज नारायण चौधरी १६ नं. वडाध्यक्ष
(३) सदस्य श्री प्रभात कुमार आचार्य १७ नं. वडाध्यक्ष
(४) सदस्य श्री दिवस पोखरेल ६ नं. वडाध्यक्ष
(५) सदस्य श्री जितेन्द्र थापा ९ नं. वडाध्यक्ष

<u>निर्णय नं. २०</u>

इटहरी उपमहानगरपालिका वडा नं. १६ र १७ को सडक विस्तार र स्तरोन्नती गर्ने क्रममा तोकिएको सडक क्षेत्राधिकारभित्र वसोबास संरचना निर्माण गर्दै आएका तपशिल बमोजिमका घरपरिवारलाई सडक क्षेत्राधिकारभित्रको संरचना हटाई पूनः निर्माण गर्नका निम्ती देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

देहायः

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | नन्दु सदा | इटहरी १७ | ५००० |
| २ | पाचु सदा | इटहरी १७ | ५००० |
| ३ | मुसहर जातको देवता घर | इटहरी १७ | १०००० |
| ४ | पवित्रा सदा | इटहरी १७ | ५००० |
| ५ | फुल कुमार सदा | इटहरी १७ | ५००० |
| ६ | ताना सदा | इटहरी १७ | ७००० |
| ७ | प्रितम साह | इटहरी १७ | ५००० |
| ८ | असिलाल सदा | इटहरी १७ | ५००० |
| ९ | रोम प्रसाद राई | इटहरी १७ | ५००० |
| १० | साधु सदा | इटहरी १७ | ८००० |
| ११ | फुलेश्वर सदा | इटहरी १७ | ६००० |
| १२ | इन्दल सदा | इटहरी १७ | ५००० |
| १३ | मजे सदा | इटहरी १७ | ५००० |
| १४ | चमरा सदा | इटहरी १७ | ५००० |
| १५ | मेधु सदा | इटहरी १७ | ५००० |
| १६ | राजु सदा | इटहरी १७ | १५००० |
| १७ | वुधो सदा | इटहरी १७ | ५००० |
| १८ | भुटी सदा | इटहरी १७ | ३५००० |
| १९ | गोरखा सदा | इटहरी १७ | ५००० |
| २० | महावती सदा | इटहरी १७ | ५००० |
| २१ | शक्ती सदा | इटहरी १७ | ५००० |
| २२ | महेश साह | इटहरी १७ | ५००० |
| २३ | वैजनाथ साह | इटहरी १७ | ५००० |
| २४ | सुरेश साह | इटहरी १७ | ३५००० |
| २५ | भगवान साह | इटहरी १७ | २५००० |

| | | | |
|---|---|---|---|
| २६ | विरवल ऋषिदेव | इटहरी १६ | १५००० |
| २७ | भैपरी आउने थप रकम | इटहरी १७ | २५००० |

निर्णय नं. २१

देहाय बमोजिमको व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

देहायः

| क्र.सं. | नाम थर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | सन्तोष खत्री | इटहरी २ | ३०००० |
| २ | सुरेन्द्र चौधरी | इटहरी १३ | २०००० |

निर्णय नं. २२

यस इटहरी उपमहानगरपालिकामा लामो समयदेखि सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरु विदाई गर्दै सम्मान स्वरुप जनही रु १ लाखका दरले प्रोत्साहन सुविधा प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | देविमाया ढकाल | इटहरी १ |
| २ | रेनुका सुवेदी | इटहरी २ |
| ३ | धनमाया भट्टराई | इटहरी ३ |
| ४ | गोमा तामाङ | इटहरी ३ |
| ५ | गिता खनाल | इटहरी ३ |
| ६ | गोमा थापा | इटहरी ३ |
| ७ | शुशिला कोइराला | इटहरी ४ |
| ८ | गिता थापा | इटहरी ४ |
| ९ | पद्मा पौडेल | इटहरी ६ |
| १० | कल्पना घिमिरे | इटहरी ६ |
| ११ | मिना रसाइली | इटहरी ६ |

| | | |
|---|---|---|
| १२ | सन्जु प्रधान | इटहरी ९ |
| १३ | जमिला मियानी | इटहरी १४ |
| १४ | कौशिला देवी राई | इटहरी १७ |
| १५ | गिता देवी ढुङ्गाना | इटहरी १७ |
| १६ | केवल कुमारी राई | इटहरी १७ |
| १७ | मालती चौधरी | इटहरी १८ |
| १८ | अन्त चौधरी | इटहरी १९ |
| १९ | दानु कुमारी चौधरी | इटहरी १९ |
| २० | देवि माया के.सी. | इटहरी २० |

**निर्णय नं. २३**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय भवन निर्माणको लागि इजाजत लिई समयभित्र निर्माण सम्पन्न नभएको हुँदा लाग्ने बिलम्ब शुल्क / जरिवना छुटका लागि पत्राचार भई आएकोमा न.पा.को नियमानुसार लाग्ने विलम्ब शुल्क / जरिवना छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

इटहरी उपमहानगरपालिका अन्तर्गत चालु आ.व. २०७९/८० भन्दा अगाडीको ठेक्का प्रक्रियाबाट सम्झौता भई संचालनमा रहेका र उपभोक्ता समितिबाट संचालित योजनाहरुको चालु आ.व.को पौष मसान्तसम्म म्याद थप भएको र तत् पश्चात पनि कार्य सम्पन्न हुन नसकेको सम्पूर्ण योजनाहरुको सार्वजानिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक नियमावली, २०६४ (१२ औं संशोधन सहित) बमोजिम सम्पूर्ण योजनाहरुको वि.स. २०८० असार मसान्तसम्म म्याद कानुन वमोजिम थप गर्ने निर्णय गरियो ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

<u>निर्णय नं. २५</u>

प्रथम नागिरक थारु जाति र थारु जातिको भाषा, कला, साहित्य, संस्कृति र परम्परा संरक्षण सम्बर्द्धन तथा विकास गर्न ९ सदस्य नगर समन्वय समिति रहेको "प्रथम नागरिक थारु जाति र थारु जातिको संस्कृति र परम्परा संरक्षण, सम्बर्द्धन तथा विकास गर्न बनेको कार्यविधि, २०७९" स्वीकृत गर्ने निर्णय गरियो।

<u>निर्णय नं. २६</u>

इटहरी अस्पताललाई व्यवस्थित ढंगबाट संचालन तथा व्यवस्थापन गर्न "इटहरी अस्पताल संचालन तथा व्यवस्थापन गठन आदेश, २०७९" स्वीकृत गर्ने निर्णय गरियो ।